# ऐरावती गाउँपालिका

## २०औं गाउँ सभामा प्रस्तुत आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

प्रस्तुतकर्ता
नबिल बिक्रम शाह
अध्यक्ष
ऐरावती गाउँपालिका ददेरीपाटा प्यूठान।

आदरणिय गाउँसभामा उपस्थित गाउँपालिकाका उपाध्यक्षज्यु, सचिब ज्यू
गाउँसभाका सदस्यज्यूहरु तथा उपस्थित सम्पुर्ण महानुभावहरु,

नेपालको ऐतिहासिक गौरब, राजनितिक चेतना, सामाजिक विविधता, साँस्कृतिक सम्पदा तथा प्राकृतिक सौन्दर्यले भरिपूर्ण ऐरावती गाउँपालिकाको २० औ गाउँसभामा उपस्थित गाउँपालिकाका उपाध्यक्षज्यु, सचिब ज्यू, गाउँसभाका सदस्यज्यूहरु, राजनितिक दलका प्रतिनिधि ज्यूहरु, राष्ट सेवक कर्मचारी, बुद्धिजिवि र आम ऐरावती गाउँपालिका वासी सम्पुर्ण महानुभावहरु हार्दिक स्वागत तथा अभिनन्दन ब्यक्त गर्दछु ।

आज ऐरावती गाउँपालिकाको २० औ गाउँसभामा आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गर्दा हामी स्थानीय सरकारको दोस्रो कार्यकालको महत्वपूर्ण चरणमा उभिएका छौं । विगतका वर्षहरूमा हासिल भएका उपलब्धिहरूको समिक्षा गर्दै, अपूर्ण कार्यहरूको जिम्मेवारी स्वीकार गर्दै र नागरिकका अपेक्षाहरूलाई केन्द्रमा राख्दै हामी समृद्ध, आत्मनिर्भर, सुशासित र समावेशी ऐरावती निर्माणको यात्रालाई अझ दृढतापूर्वक अगाडि बढाउने सङ्कल्पका साथ उपस्थित भएका छौं । सिमित स्रोत साधन, बढ्दो आवश्यकता र चुनौतीपूर्ण आर्थिक परिस्थितिका बीच पनि विकास, सेवा प्रवाह र सामाजिक न्यायप्रतिको हाम्रो प्रतिबद्धता अटल रहेको छ ।

यस ऐतिहासिक अवसरमा राष्ट्रको सार्वभौमसत्ता, स्वाधीनता, सामाजिक न्याय, समानता र जनअधिकार स्थापनाका लागि भएका २००७ सालको प्रजातान्त्रिक आन्दोलन, २०४६ सालको जनआन्दोलन, २०५२ सालमा भएको महान् जनयुद्ध, २०६२/०६३ को ऐतिहासिक दोस्रो जनआन्दोलन तथा उत्पीडित वर्ग, जाति, क्षेत्र र समुदायको मुक्ति तथा अधिकार स्थापनाका निम्ति भएका सम्पूर्ण संघर्षहरू र जेन्जि बिद्रोहको क्रममा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति उच्च सम्मानसहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै घाइते, अपाङ्ग, बेपत्ता तथा सहिद परिवारजनप्रति उच्च सम्मान व्यक्त गर्दछु । यी आन्दोलनहरूले स्थापित गरेको राजनीतिक उपलब्धी, शासन व्यवस्था परिवर्तनमा मात्र सिमित नभई राज्यको संरचना, सोच र शक्तिको केन्द्रलाई जनतामुखी बनाउने दिशामा ऐतिहासिक मोड दिएका छन् । अबको हाम्रो दायित्व हालसम्मका उपलब्धिहरूको रक्षा गर्दै आर्थिक, सामाजिक र साँस्कृतिक रुपान्तरणमा जोड रहनेछ ।

स्थानीय सरकार जनताको घर दैलोको सरकार हो । त्यसैले जनताको आवश्यकता, पीडा, चाहना र आकाङ्क्षालाई प्रत्यक्ष सम्बोधन गर्ने जिम्मेवारी पनि स्थानीय सरकारकै काँधमा रहेको छ । यिनै ऐतिहासिक जिम्मेवारीलाई आत्मसात गर्दै हामी "कृषि, पर्यटन, रोजगारीको बढाँउदै गति,शान्त, सून्दर, समून्नत बनाऔं ऐरावती" भन्ने मूल नारालाई व्यवहारमा उतार्न दृढतापूर्वक अगाडि बढिरहेका छौं ।

आजका दिन सम्म सहयोग गर्ने, सुझाव तथा मार्गदर्शन दिनुहुने, खवरदारी गर्नुहुने सम्पुर्ण जनप्रतिनिधि मित्रहरु, संघ, प्रदेश, राजनीतिक दल, कर्मचारी, शिक्षक, समाजसेवी, बुद्धिजिवि, साझेदार तथा सहयात्री सम्पुर्ण सरकारी तथा गैरसरकारी संघ-संस्था, पत्रकार तथा सम्पुर्ण बुवाआमा-दाजुभाई तथा दिदिबहिनिहरु प्रति **हार्दिक आभार प्रकट** गर्न चाहान्छु। राजनैतिक अधिकार सहित स्थापित स्थानीय तहलाई जनताको नजिकको सरकारको रुपमा संविधानको परिकल्पना अनुरुप सामाजिक न्याय र समाजबादको लक्ष्यमा पुग्न यस गाउँपालिकालाई जीवन्त आर्थिक समृद्धिको केन्द्रको रुपमा स्थापित गर्दै सोंचे अनुरुपको सफलताका लागि आगामी दिनमा सबैबाट थप **हौसला, सहयोग एवं खबरदारीको अपेक्षा** गरेको छु।

संघीयताको मर्म अनुरुप स्थानीय सरकारको अधिकारको सफल प्रयोगका सन्दर्भमा विभिन्न क्षेत्रबाट आशंका उत्पन्न भइरहेको अवस्थामा सहमती, सहकार्य र सहभागिताको भावनालाई आत्मसात गर्दै आर्थिक-सामाजिक विकास, सार्वजनिक सेवा प्रवाह, पुर्वाधार विकास, वातावरण संरक्षण, आर्थिक अनुशासन तथा सुशासन प्रबर्द्धनका कार्यक्रमहरुलाई उच्च प्राथमिकतामा राख्दै **सुन्दर र समुन्नत ऐरावती**को पहिचान स्थापित गर्नु हाम्रो प्रमुख जिम्मेवारी रहेको छ।

संघीय संरचनाले सुनिश्चित गरेका लाभहरुमा जनताको समन्यायिक पहुँच स्थापित गर्दै नागरिकको घर दैलोमा सेवा पुऱ्याउन सकेमात्र लोकतन्त्रले सार्थकता पाउने मान्यतामा उभिएर यो गाउँपालिका **अधिकार सम्पन्न स्थानिय सरकारको रुपमा दृढता सहित उभिने** छ।

नेपालको संविधानले निर्दिष्ट गरेका अधिकारहरुको व्यापक र प्रतिफलयुक्त अभ्यास गर्दै स्थानीय तहको सरकारलाई शसक्त, सक्षम र सवल सरकारको रुपमा विकास गराउनु पर्दछ भन्ने आजको आवश्यकतालाई मध्यनजर गर्दै आफुलाई सोही वाटोमा अगाडी वढ्ने **प्रतिबद्धता व्यक्त** गर्दछु।

प्रचलित कानुनको अधिनमा रहि उच्च नैतिक चरित्रका साथ अहोरात्र खटिरहने स्थायी सरकारको रुपमा अनवरत सेवा प्रदान गर्नुभएका **राष्ट्रसेवक कर्मचारी** बर्गप्रति सम्मान गर्दै उहाँहरुको मनोवललाई उच्च राखि अझ प्रभावकारी ढंगबाट सेवा प्रदान गर्न **सम्पुर्ण कर्मचारी वर्गलाई उत्प्रेरित हुन अपिल** गर्दछु।

आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम तयार गर्दा हामीले गाउँवासीको भावना, श्रमजीवि वर्गको आवश्यकता, किसानहरुका समस्या, युवाहरुको आकाक्षा, महिलाको सहभागिता, दलित तथा सीमान्तकृत समुदायको अधिकार, विज्ञहरूको सुझाव तथा अघिल्ला वर्षहरुका अनुभवलाई गम्भीरतापूर्वक आत्मसात् गरेका छौं। यो नीति तथा कार्यक्रमको मूल उद्देश्य उत्पादन, रोजगारी,

सामाजिक न्याय, सुशासन र आत्मनिर्भर अर्थतन्त्र निर्माणमार्फत गाउँवासीको जीवनस्तरमा गुणात्मक परिवर्तन ल्याउनु हो ।

गाउँसभाका सदस्यज्यूहरू

हामी निर्वाचित जनप्रतिनिधिहरू शासक वर्गका प्रतिनिधि होइनौ हामी जनताको मत विश्वास र संघर्षबाट स्थापित जनसेवक हो । त्यसैले हाम्रो राजनीति सत्ता केन्द्रित नभई जनजीविकामुखी हुनेछ । हाम्रो प्राथमिकता विलासिता नभई उत्पादन वृद्धि गर्नु हुनेछ। भाषण नभई परिणाममुखी हुनेछ । पहुँचवालाको स्वार्थ केन्द्रित नभई, श्रमजीवि वर्गको अधिकारको रक्षा गर्नु हुनेछ ।

हामी विकासलाई सडक, भवन र भौतिक संरचनाको सिमित परिभाषामा बुझ्दैनौ । हाम्रो दृष्टिमा बिकास भनेको किसानको खेतमा उत्पादन वृद्धि हुनु हो । युवाले आफ्नै गाउँमा रोजगारी पाउनु हो। महिलाहरु आत्मनिर्भर बन्नु हो। दलित तथा विपन्न समुदायले सम्मानपूर्वक जीवन बाँच्न पाउनु हो । शिक्षा र स्वास्थ्य सेवामा आमजनताको समान पहुँच स्थापित हुनु हो । आम नागरिकले सार्वजनिक सेवा छिटो छरितो निस्पक्ष र प्रभावकारी रुपमा प्राप्त गर्नु हो । नागरिकको आवाज सरकारसम्म सहजरुपमा मुखरित हुनु हो ।

गाउँसभा सदस्यज्यूहरू

यस नीति तथा कार्यक्रमको मूल आधार उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि, गुणस्तरीय शिक्षा र आधारभूत स्वास्थ्य सेवा, दिगो पूर्वाधार निर्माण, कृषि तथा पर्यटन प्रबर्द्धन, वातावरण संरक्षण, सामाजिक समावेशीकरण र सुशासनको सुदृढीकरण रहेको छ । स्थानीय सम्भावना स्रोत र सीपलाई उपयोग गर्दै युवाशक्ति, किसान, महिला, धार्मिक, उद्यमी तथा पछाडि पारिएका समुदायको सशक्तीकरणमार्फत आत्मनिर्भर स्थानीय अर्थतन्त्र निर्माण गर्ने हाम्रो लक्ष्य रहेको छ। विकासका प्रतिफललाई पालिकाका प्रत्येक नागरिकसम्म पुयाउँदै समृद्ध ऐरावती र सुखी गाउँवासीको साझा अभियानलाई थप उचाइमा पुयाउने दिशामा यो नीति तथा कार्यक्रम केन्द्रित रहनेछ ।

अबको हाम्रो मुख्य जिम्मेवारी उत्पादनमुखी अर्थतन्त्र निर्माण, सार्वजनिक सेवामा पारदर्शिता, सामाजिक न्याय, श्रमको सम्मान र जनसहभागितामा आधारित विकास प्रणाली स्थापित गर्नु हुनेछ । भ्रष्टाचार, ढिलासुस्ती, अनियमितता तथा जनविरोधी प्रवृत्ति विरुद्ध हाम्रो स्थानीय सरकार निर्मम रूपमा उभिनेछ। सुशासन, उत्तरदायित्व र पारदर्शितालाई संस्थागत गर्दै जनविश्वासलाई अझ बलियो बनाइनेछ ।

पालिकाको समग्र विकास कुनै एक व्यक्ति, संस्था वा नेतृत्वको मात्र प्रयासबाट सम्भव हुँदैन । यसका लागि जनप्रतिनिधि, कर्मचारी, राजनीतिक दल, निजी क्षेत्र, सहकारी, नागरिक समाज, संघ संस्था, सञ्चार क्षेत्र तथा सम्पूर्ण गाउँवासीबीचको सहकार्य, सहअस्तित्व र साझा प्रतिबद्धता अपरिहार्य हुन्छ । त्यसैले आगामी वर्षका नीति तथा कार्यक्रमलाई सफल बनाउन सबै पक्षको रचनात्मक सुझाव, सक्रिय

सहभागिता र साझा स्वामित्वको अपेक्षा गर्दै प्रस्तुत नीति तथा कार्यक्रममाथि गम्भीर छलफल परिमार्जन र अनुमोदनका लागि यस सम्मानित गाउँसभा समक्ष विनम्रतापूर्वक पेश गर्दछु ।

गाउँसभा सदस्य ज्यूहरु

अब म ऐरावती गाउँपालिकाको आ.ब. २०८३/०८४ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिएका आधारहरु प्रस्तुत गर्द

- नेपालको संविधानको प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु र संविधानको अनुसूची ८
- सङ्घीय सरकार तथा प्रदेश सरकारको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,
- सङ्घीय र प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीति,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा स्थानीय सरकारसँग सम्बन्धित अन्य ऐन, नियमावलीहरु,
- दिगो विकास लक्ष्य, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा लैंगिक सशक्तिकरण तथा सामाजिक समावेशीकरण,
- पोषण मैत्री स्थानीय शासन, बालमैत्री स्थानीय शासन, वातावरणमैत्री स्थानीय शासन, पूर्ण सरसफाई लगायतका अन्य सम्बन्धित विषयहरु.
- निर्वाचनमा प्रस्तुत गरिएको घोषणापत्र
- ऐरावती गाउँपालिकाको आवधिक योजना,
- नेपाल सरकारको आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम,
- स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, राजध परामर्श समिति, विषयगत समिति लगायत समितिबाट प्राप्त प्रतिवेदन तथा सुझावहरु,
- वडास्तरबाट आएका सुझावहरु,
- विभिन्न राजनीतिक दलहरु, संघसस्थाहरु, गाउँवासीहरुको सल्लाह सुझावहरु ।

गाउँ सभा सदस्यज्यूहरु,

ऐरावती गाउँपालिकाको नीति तथा कार्यक्रम तर्जुमाका मुख्य उद्देश्यहरु निम्नानुसार रहेका छन्ः

- नागरिकको मौलिक हकको रुपमा रहेका न्यूनतम् आधारभूत आवश्यकता परिपूर्ति गर्नु ।

- नागरिकलाई आत्मनिर्भरता तिर उन्मुख गराउन रोजगारीको नयाँ स्रोत खोजी गर्ने र गाउँवासीको क्षमताको उच्चतम सदुपयोग गरी समृद्ध गाउँपालिका बनाउनु ।
- स्रोत साधनको अधिकतम परिचालनद्वारा तिव्र आर्थिक वृद्धि गर्नु ।
- समाजवाद उन्मुख ग्रामिण अर्थतन्त्रको विकास गरी कृषिजन्य उत्पादनमा आत्मनिर्भर बनाउनु ।
- सामाजिक शोषणका सबै अवशेष अन्त्य गर्न आर्थिक समृद्धि र सामाजिक, साँस्कृतिक रुपान्तरण अभियान सञ्चालन गर्नु ।
- पालिका क्षेत्रमा पर्यटनको विकास गर्न ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक स्थलहरुको संरक्षण र प्रवर्द्धनमा जोड दिनु ।
- सार्वजनिक सम्पत्तिहरुको पहिचान, संरक्षण र उपयोग गर्नु ।
- जलस्रोत, उर्जा, कृषि, पर्यटन, पशुपालन, बनजङ्गल, जडिबुटी उत्पादन, उद्योग स्थापना जस्ता आर्थिक उपार्जनको क्षेत्रलाई समुचित र न्यायसंगत ढंगले उपयोग गर्ने, कृषक समूह र सहकारीलाई प्रोत्साहन गर्ने र भौतिक पूर्वाधार विकास गर्दै मानव विकास गर्न योजनाबद्ध र एकीकृत ढङ्गले अगाडी बढाउनु ।
- स्वतन्त्र, निष्पक्ष, मानवअधिकार, लैङ्गिक समानता, सामाजिक न्याय, समावेशी र समानुपातिक सिद्धान्तलाई आत्मसाथ गर्दै लोक कल्याणकारी व्यवस्थालाई सुदृढ र दिगो बनाउदै लैजानु ।
- बजारमा हुने कालोबजारी, कृतिम अभाव लगायतका अपराधजन्य कार्यहरुको निरन्तर अनुगमन तथा नियमन गर्नु ।
- सुशासनको प्रत्याभूति दिलाउन पारदर्शीता, जबाफदेहिता, भ्रष्टाचारजन्य कार्यमा शुन्य सहनशिलता र दण्डहिनता अन्त्यको नीति अवलम्बन गर्नु।

गाउँसभा सदस्य ज्यूहरु

अब म यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को प्राथमिकताका क्षेत्रहरु प्रस्तुत गर्दछु ।

१. निशुल्क र अनिवार्य शिक्षा ।

२. गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा ।

३. दिगो पूर्वाधार विकास ।

४. कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्य सुरक्षा कायम गर्नु ।

५. स्थानीय कच्चा पदार्थमा आधारित घरेलु, साना तथा मझौला उद्योगधन्दा |

६. पर्यटन र खेलकुद विकास, कला संस्कृतिको संरक्षण

७. प्राकृतिक स्रोतको उपयोग

८. उद्यमशिलता, रोजगारी सिर्जना तथा नवप्रवर्तन।

९. वातावरण संरक्षण तथा विपद व्यवस्थापन।

१०. लैङ्गिक समानता र सामाजिक समावेशीकरण ।

११. प्रविधिको उपयोग गरी सुशासन प्रबर्द्धन तथा प्रभावकारी सार्वजनिक सेवा प्रवाह ।

सम्पूर्ण गाउँ सभा सदस्यज्यूहरु,

अब म यस गाउँपालिकाले क्षेत्रगत रूपमा अवलम्बन गर्ने नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

## **१. आर्थिक विकास तर्फः**

### **क) कृषि तथा पशुपालनको व्यवसायीकरण र आधुनिकीकरण**

- "ऐरावती कृषि क्लस्टर तथा जोन" विकास कार्यक्रम: पालिकालाई भूगोल र माटोको डिजिटल नक्साङ्कन (Soil Mapping) का आधारमा व्यावसायिक कृषि पकेट क्षेत्र वर्गीकरण गरिनेछ। साविकका पकेटहरूलाई स्तरोन्नति गरी सुन्तला-कागती जोन, अदुवा-बेसार ब्लक र व्यावसायिक तरकारी पकेट सञ्चालन गरिनेछ।
- **उन्नत पशुपालन तथा एआई (Artificial Insemination) मिसन:** रैथाने जातको सुधारका लागि निःशुल्क कृत्रिम गर्भाधान र घाँस खेती प्रवर्द्धन गरिनेछ। 'भैंसी पालन प्रवद्र्धन कार्यक्रम' मार्फत युवाहरूलाई पशुपालनमा आकर्षित गरिनेछ।
- ऐरावती सामाजिक उद्यमी महिला सहकारी संस्था मार्फत पशु र कृषि जन्य वस्तुको बजारीकरण तथा कृषि प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- रैथाने बालीहरु धान,फापर, कोदो, मास, भट्मास, गहत, तिल लगायतका बालिहरुको व्यवसायिक उत्पादन साथै दुध र मासुमा आत्मनिर्भर बनाउन ऐरावती कृषि तथा पशु विकासमा आधारीत साना किसान तथा युवा उद्यमशीलता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- स्थानीय रुपमा किसानहरुले उत्पादन गरेका कृषिजन्य वस्तुहरुको बजारीकरणलाई व्यवस्थित गर्न ऐरावती सामाजिक उद्यमी महिला सहकारी संस्थालाई थप सुदृढ गरिनेछ ।
- पशुपालन क्षेत्रमा लगानी र अध्यक्ष युवा कार्यक्रमलाई थप प्रभाबकारी बनाई निरन्तरता दिईनेछ ।
- ऐरावती गाउँपालिका भित्रका कृषकको सूचीकरण, पहिचान तथा वर्गिकरण गरी किसान परिचयपत्र मार्फत कृषकको आर्थिक र सामाजिक विकासको लागि आवश्यक पर्ने सेवा र सुविधा प्रदान गरिनेछ ।

- कागजी कृषकलाई निरुत्साहित गर्न वितरणमुखी कार्यक्रमलाई क्रमशः घटाउँदै वास्तविक किसानलाई प्रोत्साहन गर्न क्षेत्रफल तथा उत्पादनका आधारमा प्रोत्साहन अनुदानका कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।
- पूर्ण पशुपन्छी खोपयुक्त गाउँ नीति अन्तर्गत गाउँपालिका क्षेत्र भित्र कुकर लगायतका घरपालुवा जनवारहरुलाई पशुपन्छीमा लाग्ने सरुवा रोग तथा महामारी नियन्त्रणका लागि खोप कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- उपयुक्त बाली छनौटको लागि सङ्घीय सरकार, प्रदेश सरकार र अन्य निकायहरुसँगको समन्वयमा माटो परीक्षण कार्यलाई निरन्तरता दिइनेछ ।
- कृषि र पशुपालन व्यवसायमा देखा पर्ने समस्या समाधानका लागि आवश्यकता अनुसार कृषि प्राविधिक र भेटेनरी प्राविधिक सहितको घरदैलो सेवा सञ्चालनलाई थप व्यवस्थित गरिनेछ ।
- खाद्य सुरक्षा सुनिश्चितताका लागि मकै तथा धानवाली प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।
- कृषि तथा फलफूल पकेट  घोषणा भएका क्षेत्रहरुमा थप प्रभावकारी कार्यक्रमहरु बनाई कार्यान्वयन गरिनेछ। साथै फलफुल पकेट क्षेत्र घोषणा गरी कार्यान्वयनमा ल्याइनेछ ।
- लागत घटाउँदै उत्पादन बढाउन आवश्यक विभिन्न कृषि मेसिनरी सामाग्री वितरण गरी कृषि यन्त्रीकरण मार्फत व्यवसायीकरण तर्फ उन्मुख गराउन कृषि सामाग्रीमा अनुदानको कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- जमिनको उर्वराशक्ति क्षय हुन नदिन रासायनिक मलको प्रयोगलाई न्यूनीकरण गर्दै कृषकको परम्परागत ज्ञान र खाद्य संस्कृति, प्राङ्गारिक एवं दिगो कृषि विविधतामा आधारित आत्मनिर्भर र खाद्य सम्प्रभुतालाई सम्मान गर्न प्राङ्गारिक मल उत्पादन र प्रयोगमा विशेष प्रोत्साहन दिइनेछ ।
- पशु नश्ल सुधार कार्यक्रमलाई थप व्यवस्थित बनाई दायरा फराकिलो बनाइनेछ ।
- कृषि तथा पशुपालन व्यवसायमा हुने जोखिमलाई न्यूनिकरण गर्दै सुरक्षा सुनिश्चितताको लागि कृषि तथा पशु बिमा कार्यक्रमलाई प्रोत्साहित गरिनेछ ।
- एक विद्यालय एक करेसावारी कार्यक्रमलाई प्राथमिकतामा राखि प्रत्येक विद्यालयमा सिक्दै रमाउँदै कार्यक्रम सञ्चालन गरिनेछ ।
- कृषि पशुपन्छी सम्बन्धी तथ्याङ्ग सङ्कलनलाई थप व्यवस्थित गरिनेछ ।

## ख. स्थानीय उद्योग , रोजगार तथा सुरक्षित आप्रवासन

- **"एक वडा, एक घरेलु उद्योग" (One Ward, One Enterprise):** स्थानीय कच्चा पदार्थ (बाँस, निगालो, कफी, मौरीपालन, दुना-टपरी) मा आधारित साना उद्योग स्थापनाका लागि साझा सुविधा केन्द्र (Common Facility Center) को स्थापना गरिनेछ।
- रोजगार तथा आत्मनिर्भर हुने गरी कृषि, पशुपालन, उद्योग व्यवसायको व्यवसायिकरणमा निरन्तरता दिदै वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा नै व्यवसाय गर्न चाहने युवा उद्यमीहरुलाई प्रोत्साहित गरिनेछ ।

- व्यवसायीसँग गाउँपालिका अभियान सञ्चालन गरी पालिका क्षेत्रमा सचालनमा रहेका साना उद्योग एवं व्यवसायिक फर्महरुलाई दर्ता गर्न प्रोत्साहित गरी पूर्ण रुपमा कानुनी दायरामा ल्याइनेछ ।
- स्थानीय स्तरमा रहेका कच्चा पदार्थको उपलब्धताको आकलन गरी समुदायको मागमा आधारित व्यवसाय सञ्चालन गर्न आवश्यक सीप विकास तालिमको व्यवस्था गरिनेछ ।
- गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत लक्षित वर्गमा रोजगारी सिर्जना गर्न प्रविधि विस्तार, बजारीकरणमा पहुँच तथा प्रविधि हस्तान्तरण कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- श्रम स्वीकृतिको कार्यलाई गाउँपालिकाको रोजगार सेवा केन्द्रबाट व्यवस्थित रुपमा सहजीकरण गरिनेछ। श्रम स्वीकृति लिई श्रम स्वीकृतिको अवधिभित्र वैदेशिक रोजगारीको क्रममा मृत्यु भएका श्रमिकको परिवारलाई आर्थिक सहायता र मृतकका सन्ततिको छात्रवृत्तिको लागि वैदेशिक रोजगार बोर्ड र कन्सुलर विभागमा आवश्यक समन्वय र सहजीकरण गरिनेछ । गाउँपालिकाको रोजगार सेवा केन्द्रद्वारा आन्तरिक रोजगारी सिर्जना तथा प्रवर्धन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।
- प्राविधिक तथा व्यवसायिक शिक्षा परिषद् (CTEVT) प्रदेश कार्यालयसँगको सहकार्यमा गाउँपालिका भित्रका बेरोजगार युवाहरुलाई मध्यम स्तरको प्राविधिक जनशक्ति बनाउनको लागि सिपमुलक तालिमहरु सञ्चालनका साथै नागरिकमा भएका सिपहरुको परिक्षण गरी दक्षता अभिवृद्धि गरिनेछ ।
- वैदेशिक रोजगार सम्बन्धि सूचना प्रवाह सिप अभिवृद्धि, न्यायमा पहुँच वृद्धि गर्न, वित्तीय साक्षरता लगायतका सेवाहरु थप व्यवस्थित ढंगले सञ्चालन गरिनेछ ।
- उद्योग दर्ता ऐन निर्माण गरी स्थानीय तहमा नै साना उद्योग दर्ताको व्यवस्था मिलाइनेछ ।
- स्थानीय मदिरालाई ब्राडिङ गरी बिक्रि बितरणको ब्यवस्थापनको कार्यलाई निरन्तरता दिईएको छ ।

## घ) पर्यटन विकास

- **"ऐरावती सांस्कृतिक तथा प्राकृतिक परिपथ" (Tourism Circuit):** प्युठानको धार्मिक तथा प्राकृतिक पर्यटनको सञ्जालसँग जोड्न पालिका भित्रका प्रमुख पर्यटकीय र ऐतिहासिक स्थलहरूलाई जोड्ने गरी पर्यटन गुरुयोजना कार्यान्वयन गरिनेछ।
- **सामुदायिक होमस्टे (Homestay) तथा ग्रामीण पर्यटन:** स्थानीय कला, संस्कृति र खानपानको संरक्षण गर्दै रोजगारी बढाउन सूचकका आधारमा अनुदान र तालिम दिई होमस्टे विकास गरिनेछ।
- पर्यटकमैत्री व्यवहार अभिवृद्धिका लागि पर्यटन व्यवसायी, होटल तथा रेष्टुरेन्ट व्यवसायी आदिलाई आन्तरिक तथा बाह्य पर्यटकसँग गर्ने व्यवहार सम्बन्धमा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- पर्यटकीय क्षेत्रहरुको चिनारी पर्यटकलाई जानकारी भन्ने अभियानलाई प्रभावकारी बनाउन पर्यटकीय क्षेत्रहरूको चिनारी हुने श्रव्यदृष्य सामग्रि निर्माण गरी सामाजिक सञ्जालमा प्रचार प्रसार गर्ने व्यक्ति तथा संस्थाहरुलाई पुरस्कृत गरिनेछ ।

- पर्यापर्यटन, कृषि पर्यटन, खेलका लागि आवश्यक पूर्वाधार विकास गरिनेछ।
- छिमेकी स्थानीय सरकारहरुसँग सहकार्य गरी एकीकृत रूपमा पर्यटन पूर्वाधार निर्माण गरिनेछ।
- पर्यटन मार्फत आर्थिक विकासका लागि धार्मिक तथा पर्यटकिय क्षेत्रको पहिचान, संरक्षण र विकासमा जोड दिइनेछ। ऐरावती धार्मिक क्षेत्र, विजुलीकोट, बरौंलाकोट, काफलबुटाको तपस्वी गुफा, कुटीलेक, जावुनेदह, कल्र्याङकुर्लुङ लगाएतका क्षेत्रहरुलाई संरक्षण गरि धार्मिक तथा पर्यटकिय पहिचान स्थापित गर्दै नयाँ पर्यटकिय गन्तब्यको खोजीलाई निरन्तरता दिन पर्यटन गुरुयोजना तयार गरिनेछ।

## ङ. सहकारी विकास

- सहकारी संस्थाहरुलाई अनिवार्य रुपमा COPOMIS (कोपोमिस) प्रणालीमा आवद्ध गर्ने व्यवस्था मिलाई सबै सहकारी संस्थाहरुको कारोबारलाई वित्तीय सुशासनयुक्त र प्रविधिमैत्री बनाउने नीतिलाई अवलम्बन गरिनेछ।
- सहकारीको मुल्य, मान्यता र सिद्धान्त अनुरूप संस्थाहरुको स्थापना, विकास र सञ्चालनको लागि प्रर्वद्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ जोखिम कर्जा प्रवाहलाई न्यूनीकरण गरिनेछ।
- स्थानीय स्तरमा रहेको पुँजी, प्रविधि ज्ञान र सिपलाई सामुहिक भावना मार्फत सहकारीमा आवद्ध गरी एकीकृत शक्तिको रुपमा व्यवसाय र आय आर्जनमा जोडिने छ।
- स्थानीय उत्पादन, प्रशोधन, आपूर्ति, मूल्य श्रृङ्खला विकास आदिमा सहकारी संस्थाहरुलाई उत्प्रेरित गरिनेछ।

## च.वाणिज्य तथा आपूर्ति

- बजारको निरन्तर अनुगमन र निरिक्षण कार्यलाई प्रभावकारी बनाउनको साथै आपूर्ति व्यवस्था सहज बनाउन निजी तथा सहकारी क्षेत्रसँग आवश्यक सहकार्य गरिनेछ।
- कालोबजारी, सिण्डिकेट नियन्त्रण गरी बजारलाई स्वच्छ प्रतिस्पर्धी, उपभोक्तामैत्री बनाई उपभोक्ताको हकहित संरक्षण गर्न मुल्य तथा गुणस्तर सहितका विषयमा नियमित र प्रभावकारी बजार अनुगमन गरिनेछ। हरेक वडाबाट नै नियमित बजार अनुगमन गर्ने व्यवस्था मिलाउँदै उपभोक्ता शिक्षा मार्फत उपभोक्ता हक अधिकार तथा कर्तव्यको बारेमा सचेत गराईनेछ।

## २. सामाजिक विकास तर्फः

### क) रूपान्तरणकारी र प्रविधिमैत्री शिक्षा

- **सामुदायिक विद्यालय रूपान्तरण योजना (Model Schools):** "एक वडा, एक नमूना प्रविधिमैत्री विद्यालय" कार्यक्रम सञ्चालन गरिनेछ। माध्यमिक विद्यालयहरूमा 'स्मार्ट क्लासरुम', आइसिटी (ICT) ल्याब र ई-लाइब्रेरी अनिवार्य स्थापना गरिनेछ।

- **"सिकाइमा नवप्रवर्तन र प्राविधिक शिक्षा":** स्थानीय आवश्यकता अनुकूलको 'स्थानीय पाठ्यक्रम' परिमार्जन गरी लागू गरिनेछ। गरिब तथा जेहेन्दार विद्यार्थीहरूका लागि प्राविधिक विधा (कृषि, भेटेरिनरी, सब-इन्जिनियरिङ) मा उच्च शिक्षा अध्ययनका लागि **"अध्यक्ष छात्रवृत्ति कोष"** स्थापना गरिनेछ।
- **शैक्षिक सुशासन र शिक्षक कार्यसम्पादन:** सामुदायिक विद्यालयको नतिजा सुधार गर्न प्रधानाध्यापकहरूसँग नतिजा-आधारित कार्यसम्पादन सम्झौता (Performance-based Contract) गरिनेछ र "बुक-फ्री फ्राइडे" (Book-free Friday) मार्फत व्यवहारिक र सीपमूलक शिक्षा दिइनेछ।

- "मानव क्षमताको आधारः शिक्षा भन्ने शिक्षाको राष्ट्रिय नीति अनुरूप ऐरावती गाउँपालिकाको शैक्षिक क्षेत्रको व्यवस्थापनलाई सुदृढ गरिनेछ।
- स्थानीय पाठ्यक्रममा समय सापेक्ष परिमार्जनका साथै प्रभावकारी पाठ्यसामग्रीको निर्माण र कार्यान्वयनलाई निरन्तरता दिइनेछ।
- निःशुल्क र अनिवार्य आधारभूत शिक्षा तथा निशुल्क माध्यमिक शिक्षा सुनिश्चितताका लागि विद्यालयहरुमा विषयगत आवश्यकता र विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- भौगोलिक कारणले अन्य विद्यालयमा समायोजन गर्न नसकिने न्यून विद्यार्थी संख्या भएका सामुदायिक विद्यालयहरुमा बहुकक्षा बहुस्तर शिक्षण पद्धतीबाट सञ्चालन गर्न सङ्घीय निकायहरुसँग आवश्यक समन्वय गरिनेछ।
- गाउँपालिकासँग अभिभावक विहिन, अति विपन्न विद्यार्थीलाई शैक्षिक सहायता कार्यक्रमलाई प्रभावकारी बनाईनेछ।
- सरकारी कोषबाट पारिश्रमिक तथा सेवा सुविधा प्राप्त गर्ने व्यक्तिहरुले आफ्नो छोराछोरीलाई स्वघोषणासहित सामुदायिक विद्यालयहरूमा अध्ययन गराउने नीति लिईनेछ।
- परीक्षा प्रणालीमा सुधारका लागि पालिकास्तरीय परीक्षा कक्षा ५, ८ र ९ को वार्षिक तथा अर्धवार्षिक तथा अन्य कक्षाहरूको प्रश्नपत्र तथा उत्तरपुस्तिका परीक्षण लगायतका कार्य सम्पन्न गरी प्राप्त नतिजाका आधारमा शिक्षक तथा विद्यालयलाई प्रोत्साहन गर्नुका साथै गुणस्तर अभिवृद्धिका कार्यक्रमहरूको तर्जुमा गरिनेछ।
- विद्यालयमा कार्यरत प्रअ शिक्षक तथा अन्य कर्मचारीहरूको पेशागत विकास तथा नैतिक मनोबल बढाउदै "अध्यक्षसँग विद्यार्थी र अभिभावक" कार्यक्रमलाई विकास गरी विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा अभिभावकहरुलाई सामुदायिक विद्यालयप्रति अपनत्व बोध गराउन आवश्यक नीति लिइनेछ।

- शिक्षाको गुणस्तर सुधार र विकासको लागि विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, अभिभावक, विद्यार्थी तथा सम्बद्ध शैक्षिक सरोकारवालासँग आवश्यक संवाद, छलफल, सहकार्य तथा अन्तक्रिया कार्यक्रम सञ्चालन गरी थप जिम्मेवार बनाइनेछ।
- विद्यार्थीहरुमा देखा परेको बढ्दो मनोसामाजिक समस्या न्यूनीकरणको लागि विद्यार्थी मनोसामाजिक परामर्शको प्रबन्ध गरिनेछ।
- विद्यालयहरुमा वित्तीय सुशासन एकीकृत लेखा व्यवस्थापन तथा वित्तीय भुक्तानी प्रणालीको कार्यान्वयन गरी वित्तीय सुशासन कायम गरिनेछ।
- शिक्षक तथा विद्यालय कर्मचारीहरुको पेशागत क्षमता विकास तथा पेशागत सहयोगका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।
- स्थानीय शिक्षा ऐन र कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यक कार्यविधिहरु निर्माण गरी स्थानीय शिक्षा क्षेत्र योजनामा आधारित दिर्घकालिन शैक्षिक गुणस्तर अभिवृद्धिका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।
- सामुदायिक सिकाई केन्द्रहरुको सवलीकरण मार्फत अनौपचारिक शिक्षा र वैकल्पिक सिकाईका माध्यमबाट परम्परागत पेशा, ज्ञान र सीपको पुस्ता हस्तान्तरण गर्ने नीति लिईनेछ।
- आवासीय छात्रावासको सञ्चालन मार्फत अभिभावकबिहिन लक्षित तथा विपन्न समुदायका बालबालिकाहरुको शिक्षामा पहुँच सुनिश्चितता गरिनेछ।
- गुणस्तरीय शिक्षाको लागि विद्यार्थीहरुलाई विद्यालयमा ल्याउन, टिकाउन र सिकाउन "विद्यालय दिवा खाजा कार्यक्रम (बालविकास देखि कक्षा ५) लाई निरन्तरता दिँदै अनुगमन प्रणालीलाई प्रभावकारी बनाइनेछ।
- दिवा खाजा कार्यक्रममा (Junk Food) निषेध गरी स्थानीय उत्पादनको प्रयोग मार्फत पोषणयुक्त खाजा व्यवस्थापन गरिनेछ।
- सरकारी तथा सामुदायिक शिक्षण संस्थामा प्राविधिक माध्यामिक शिक्षा र उच्च शिक्षा अध्ययन गर्न चाहने विपन्न वर्गका जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ।
- निजी र सामुदायिक विद्यालयमा गुणस्तरीय शिक्षा प्रदान गर्न असल अभ्यास आदान प्रदान कार्यक्रम सञ्चालन गरिनेछ।
- शिक्षामा समावेशी पहुँच र गुणस्तर वृद्धिका लागि अनुसन्धानात्मक कार्यक्रमहरु गर्दै शिक्षकहरुलाई अनुसन्धानमुखी कार्यतर्फ उत्प्रेरित गर्न विशेष कार्यक्रमको व्यवस्था गरिनेछ।
- विद्यालयमा गुणस्तरीय शिक्षा प्रदान गर्ने सम्बन्धमा विद्यार्थी, अभिभावक र शिक्षक साक्षात्कार कार्यक्रम सञ्चालन गरिनेछ।
- समुदाय विद्यालय सहकार्य, भर्ना अभियान लगायत विभिन्न कार्यक्रम मार्फत विद्यालय जाने उमेर पुगेका सबै बालबालिकालाई विद्यालय भर्ना गरिनेछ।
- साथीबाट सिक्ने र साथीलाई सिकाउने (सहपाठी सिकाई कार्यक्रमलाई अघि बढाईएको छ।)

- शैक्षिक क्यालेण्डर निर्माण, युवा लक्षित खेलकुद कार्यक्रम, अनाथ बालबालिका सहयोग, विद्यालय अनुगमन जस्ता क्रियाकलापहरूलाई प्राथमिकीकरण गरी थप व्यवस्थित र प्रभावकारी बनाउँदै लगिनेछ।
- नैतिक तथा संस्कार युक्त शिक्षा, योग तथा ध्यानलाई विद्यालय शिक्षाको अभिन्न अङ्ग बनाइ स्वस्थ, सक्षम, नेपाली पहिचान युक्त नागरिक उत्पादनमा जोड दिइनेछ।

## ग) सुलभ, गुणस्तरीय र प्रविधिमा आधारित स्वास्थ्य सेवा

‘‘स्वस्थ नागरीक गुणस्तरीय जीवनयापन को दीर्घकालीन सोचलाई आत्मसात गर्दै पालिकाबासीलाई गुणस्तरीय, पहुँचयोग्य, समावेशी तथा उत्तरदायी आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउन देहायका नीतिहरु अवलम्बन गरिनेछः

- **"डिजिटल हेल्थ प्रोफाइल" र टेलिमेडिसिन:** पालिकाबासीको स्वास्थ्य विवरण समेटिएको 'डिजिटल हेल्थ प्रोफाइल' तयार गरिनेछ। दुर्गम वडाका नागरिकलाई विशेषज्ञ चिकित्सकको परामर्श सेवा उपलब्ध गराउन प्राथमिक स्वास्थ्य केन्द्रमा **"टेलिमेडिसिन (Tele-medicine) सेवा"** सञ्चालन गरिनेछ।
- **"घरदैलोमा स्वास्थ्य, ज्येष्ठ नागरिकको सम्मान":** ७० वर्ष माथिका ज्येष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति र असहायहरूका लागि महिनाको एक पटक घरमै पुगेर निःशुल्क स्वास्थ्य जाँच र औषधि वितरण (Mobile Health Clinic) गरिनेछ।
- **मातृ तथा बाल स्वास्थ्य र "उपाध्यक्ष पोषण थैली":** संस्थागत सुत्केरी दर १००% पुर्‍याउन "शून्य होम डेलिभरी" नीति लिइनेछ। स्वास्थ्य संस्थामा जन्मिने शिशु र आमाको पोषण सुरक्षाका लागि पोषण सामग्री र यातायात खर्च सहितको थैली उपलब्ध गराइनेछ।
- गाउँपालिका भित्रका सबै नागरिकलाई आधारभूत स्वास्थ्य सेवाको सहज समान र पहुँचयोग्य व्यवस्था सुनिचित गर्न स्वास्थ्य संस्थाहरूको सन्तुलित विस्तार तथा स्तरोन्नति मार्फत स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गरिनेछ।
- स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य केन्द्रहरूको पूर्वाधार, उपकरण, प्रविधि र जनशक्ति व्यवस्थापनलाई सुदृढ बनाइनेछ।
- मातृशिशु स्वास्थ्यलाई उच्च प्राथमिकता दिइनेछ। सुरक्षित मातृत्व, नवजात शिशु तथा बाल स्वास्थ्य सेवाको पहुँच र गुणस्तर अभिवृद्धि गरी मातृ तथा शिशु मृत्युदर न्यूनीकरण गरिनेछ।
- खोप तथा औषधिजन्य सामग्रीहरुको आधुनिक भण्डारण तथा वितरण प्रणालीको विकास गरिनेछ। स्वास्थ्य जोखिमहरुको शिघ्र पहिचान गर्न स्वास्थ्य संस्था तथा समुदाय स्तरमा स्वास्थ्य परीक्षण(स्क्रिनिङ तथा रोग पहिचान गर्ने व्यवस्था मिलाइनेछ)।
- मानसिक स्वास्थ्य प्रबर्द्धन, मनोसामाजिक परामर्श तथा आत्महत्या रोकथाम सम्बन्धी कार्यक्रमलाई स्वास्थ्य सेवाको अभिन्न अङ्गका रूपमा विकास गरिनेछ।

- ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, महिला, बालबालिका तथा विपन्न समुदायलाई विशेष स्वास्थ्य सेवा र सहुलियत प्रदान गरिनेछ।
- महामारी तथा विपद् स्वास्थ्य व्यवस्थापन प्रणालीलाई सुदृढ बनाइनेछ। महामारी, संक्रामक रोग तथा विपद्जन्य स्वास्थ्य जोखिमको पूर्वतयारी, प्रतिकार्य र व्यवस्थापन क्षमताको विकास गरिनेछ।
- स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयंसेविकाहरूको क्षमता अभिवृद्धि गरिनेछ।
- स्वास्थ्य बीमा कार्यक्रममा नागरिकको सहभागिता अभिवृद्धि गरिनेछ। स्वास्थ्य बीमाको पहुँच विस्तार गरी विपन्न तथा लक्षित वर्गको स्वास्थ्य सुरक्षालाई मजबुत बनाइनेछ।
- आवश्यकता अनुसार विशेषज्ञ चिकित्सक सहितको घुम्ती स्वास्थ्य शिविर, टेलिमेडिसिन तथा विशेषज्ञ परामर्श सेवा सञ्चालन गरिनेछ।
- रोगको रोकथामलाई प्राथमिकता दिँदै स्वास्थ्य प्रवर्द्धनमुखी कार्यक्रमलाई व्यापक रूपमा कार्यान्वयन गरिनेछ।
- सरकारी स्वास्थ्य संस्थाहरुबाट निःशुल्क वितरण गर्ने औषधि तथा औषधिजन्य सामाग्रीहरु हरेक स्वास्थ्य संस्थाबाट सहज रूपमा उपलब्ध हुने व्यवस्था गरिनेछ।
- निजी स्वास्थ्य संस्था र क्लिनिकहरुको दर्ता नवीकरण र नियमित अनुगमन गरी स्वास्थ्य सेवालाई थप व्यवस्थित गरिनेछ।
- जेष्ठ नागरिकलाई घर घरमा निशुल्क स्वास्थ्य परीक्षणको कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- आयुर्वेद आरोग्य केन्द्रलाई योग ध्यान कक्षको रुपमा विकास गरिनेछ।
- गाउँपालिकाले एम.बि.बि.एस डाक्टर पढाउनको लागि छात्रावृत्ती प्रदान गर्ने कार्यलाई निरन्तरता दिईएको छ।
- वृद्धलाई ओखती कार्यक्रमलाई थप व्यवस्थित गरि निरन्तरता दिईनेछ।
- १५ शैयाको अस्पतालको भवन निर्माणको काम समाप्त भई हस्तान्तरण भइसकेको हुँदा अस्पतालको सञ्चालन तथा ब्यबस्थापनको लागि आबश्यक जनशक्ति तथा स्रोतको सुनिश्चितता गर्न नेपाल सरकार अन्तर्गत रहेको स्वास्थ्य विभाग, प्रदेश सरकार र तालुक निकायसँग ठोस पहल, निरन्तर ताकेता, समन्वय र सहकार्य गरिनेछ।

## क) खानेपानी तथा सरसफाई

- पालिकावासीहरुलाई आधारभूत खानेपानीमा पहुँच सुनिश्चिता गर्न एक घर एक धारा नीतिलाई निरन्तरता दिदै नेपाल स्वास्थ्यको लागि पानी (नेवा) कार्यक्रम लागु गरिनुका साथै घरभित्रको धुवाँमुक्त गाँउ, पुर्ण आनीवानी परिवर्तन (TBC), लगाएतका कार्यक्रम संचालन गरिनेछ।

- **"एक घर, एक सफा खानेपानी धारा" (SDG-6 Target):** संघीय र प्रादेशिक समन्वय र नेवा परियोनाको लागत सझेदारीमा " खानेपानी आयोजना" हरूलाई तीव्रता दिइनेछ। पानीको शुद्धता मापनका लागि पालिका स्तरमा एक 'वाटर टेस्टिङ ल्याब' को सुरुवात गरिनेछ।
- लिफ्ट खानेपानीको महशुलमा दिईने अनुदानलाई निरन्तरता दिईएको छ।
- पानी र सरसफाईका महत्त्वबारे समुदायमा सचेतना फैलाउन विभिन्न कार्यक्रमहरू सञ्चालन गरि स्थानीय समुदायलाई पानी आपूर्ति र सरसफाईका कार्यक्रमहरूमा सक्रिय सहभागिता गराउने प्रयास गरिनेछ।
- स्थानीय स्तरमा उत्सर्जित फोहोरमैलाको सङ्कलन, वर्गिकरणका लागि टोल सुधार संस्थासँग समन्वय गरी अनिवार्य रूपमा कुहिने, नकुहिने र सिसाजन्य फोहोरको सङ्कलन र प्रशोधन गर्ने व्यवस्था मिलाइनेछ।
- स्थानीय स्तरमा उत्सर्जित फोहोरमैलाको सङ्कलन, वर्गिकरणका लागि टोल सुधार संस्थासँग समन्वय गरी अनिवार्य रूपमा फोहोरको ब्यवस्थापनमा जोड दिईनेछ। ल्याडफिल साईडको उचित ब्यवस्था गरी बजार क्षेत्रको फोहोरलाई ब्यवस्थित गरिनेछ।
- खानेपानीको मुहान देखि मुख सम्म शुद्ध खानेपानी खुवाउन पानी सुरक्षा योजना लागु गरि खानेपानी परीक्षण सुरक्षित र स्वच्छ पानी सुनिश्चित गर्ने ब्यवस्था मिलाईनेछ।

## घ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

- **"सक्षम महिला, आत्मनिर्भर समाज":** महिलाहरूको आर्थिक सशक्तीकरणका लागि सहकारीहरूसँगको साझेदारीमा वित्तीय साक्षरता र सीपमूलक आयआर्जन कार्यक्रम सञ्चालन गरिनेछ। बालबालिका, दलित तथा सीमान्तकृत समुदायको अधिकार संरक्षण र क्षमता विकासका लागि बजेट विनियोजन सुनिश्चित गरिनेछ।
- महिला बालबालिका तथा जेष्ठ नागरिकको अधिकार, सुरक्षा, संरक्षण र सशक्तिकरणलाई प्राथमिकता दिदै लैङ्गिक समानता, सामाजिक समावेशीकरण र जेष्ठ नागरिकहरूको सम्मानजनक जीवन सुनिश्चित गर्ने नीति लिइनेछ।
- सङ्घ र प्रदेश सरकारसँगको समन्वयमा लैंगिक हिंसा पिडित र प्रभावितहरुको लागि पुनस्थापना केन्द्र स्थापना गरिनेछ। साथै हिंसा, दुर्व्यवहार, शोषणमा परेका सडक बालबालिका, बेबारिसे बालश्रम वा बेचविखनको जोखिममा रहेका प्रभावित बालबालिकालाई संरक्षण, हेरचाह र सहयोगको लागि सेफ हाउस संचालन गर्ने नीति लिइनेछ।
- महिला लक्षित कार्यक्रम अन्तर्गत लामो अवधिको सिपमुलक तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछ। स्थानीय सिप र कच्चा पदार्थको प्रयोगद्वारा निर्माण हुने दुना टपरी हस्तकला तथा स्थानीय उत्पादनलाई ब्राण्डिङ तथा प्याकेजिङ गरी कोशेली घर मार्फत विकि वितरणको व्यवस्था मिलाइनेछ।

- गाउँपालिका अन्तर्गतका अस्पताल स्वास्थ्य संस्थाहरु, वडा कार्यालयहरु, विद्यालयहरु लगायत सम्पूर्ण सरकारी कार्यालयहरुले स्थानीय स्तरमा उत्पादित सामग्रीहरु हर्पिक, फिनेल, झोल साबुन, दुना टपरी को अनिवार्य प्रयोग गर्ने नीति लिईनेछ ।
- आदिवासी जनजातिको पहिचान सहित स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, भाषा, सँस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र प्रबर्द्धन गरिनेछ ।
- बालश्रम र लागुऔषध दुर्व्यसनी विरुद्ध सचेतना कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।
- सामाजिक न्याय, समान अवसर, सम्मानजनमक जीवनयापन तथा संविधानद्वारा प्रत्याभुत्त अधिकारको सुनिश्चितता गर्दै दलित समुदायको आर्थिक, सामाजिक, शैक्षिक, साँस्कृतिक तथा राजनीतिक सशक्तीकरणको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- दलित समुदायलाई विकासको मूल प्रवाहमा समावेश गरी आत्मनिर्भर, सक्षम र सम्मानित नागरिकको रुपमा स्थापित गर्न आवश्यक नीतिगत व्यवस्था गरिनेछ ।
- स्थानीय तहका योजना निर्माण तथा निर्णय प्रक्रियामा दलित समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ ।
- समतामूलक विभेदमुक्त र समावेशी समाज निर्माणको लागि दलित समुदायको सशक्तीकरणलाई प्राथमिकता दिइनेछ ।
- जेष्ठ नागरिकको ज्ञान, सिप र अनुभवलाई नयाँ पुस्ता संग जोड्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिका कार्यालयसम्म आउन नसक्ने अपाङ्गता भएका व्यक्तिलाई घरमा नै गएर परिचय पत्र वितरण गर्ने नीति लिइनेछ ।
- सामाजिक सुरक्षा भत्ता बैंक मार्फत उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिईनेछ ।
- वालमैत्री, वाताबरणमैत्री र पोषणमैत्री गाउँपालिका घोषणाका लागि आवश्यक कार्यक्रमलाई निरन्तरता दिईने छ ।

## ङ. युवा, खेलकुद, साहित्य, कला, संस्कृति

- गाउँपालिका भित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरूमा नियमित खेलकुद गतिविधि सञ्चालन गरी विद्यार्थीहरूको शारीरिक, मानसिक तथा सामाजिक विकासलाई प्रोत्साहन गरिनेछ ।
- विद्यालयस्तरीय वडास्तरीय तथा पालिकास्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गर्दै प्रतिभावान खेलाडीहरूको पहिचान अभिलेखीकरण तथा प्रोत्साहनको व्यवस्था गरिनेछ ।
- खेलकुद गतिविधिलाई व्यवस्थित र प्रभावकारी बनाउन प्रत्येक वडामा आवश्यकताअनुसार खेलमैदान र खेल पूर्वाधार निर्माण मर्मत तथा स्तरोन्नति गरिनेछ। विद्यमान खेल मैदानहरूको संरक्षण र व्यवस्थापनमा समुदायको सहभागिता सुनिश्चित गरिनेछ ।

- लागूपदार्थ दुर्व्यसन कुलत तथा सामाजिक विकृतिबाट युवाहरूलाई टाटा राखी खेलकुदलाई प्रभावकारी माध्यमका रूपमा विकास गरिनेछ। स्वस्थ युवा समृद्ध समाज अभियानअन्तर्गत नियमित खेलकुद, दौड, योग तथा शारीरिक तन्दुरुस्ती सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।
- खेल शिक्षक तथा प्रशिक्षकको व्यवस्था गरी पालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, अन्तरपालिका खेलकुद प्रतियोगिता तथा खेल पर्यटन प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछ।
- परम्परागत कला, भाषा, संस्कृति संरक्षण तथा प्रवर्धनको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- खेलकुद विकास समितिलाई थप ब्यवस्थित र प्रभाबकारी बनाई खेलकुद संग सम्बन्धित क्रियाकलाप एकद्वार प्रणाली मार्फत संचालन गरिनेछ।

## ३) भौतिक पूर्वाधार विकास

- " गाउँपालिकाको केन्द्र बरौलाबाट सबै वडा कार्यालय र मुख्य बजार क्षेत्र जोड्ने रणनीतिक सडकहरूलाई बाह्रै महिना यातायात सञ्चालन हुने गरी क्रमशः स्तरोन्नती र ढलान गरिनेछ।
- **"सडक पूर्वाधार गुणस्तर मापदण्ड":** हचुवाका भरमा ट्र्याक खोल्ने प्रवृत्तिलाई रोकी 'गुणस्तर सुनिश्चितता निर्देशिका' लागू गरिनेछ। नयाँ सडक निर्माण गर्दा अनिवार्य रूपमा बायो-इन्जिनियरिङ र नाला (Drainage) निर्माण गर्नुपर्ने नियम कडाइका साथ लागू गरिनेछ।
- गाउँपालिकाको पहुँच मार्ग चेंरेनेटा बरौला जोगीटारी सडक अन्तर्गत कालोपत्र गर्न बाँकि रहेको सडकलाई प्रदेश सरकारसँग समन्वय गरी कालोपत्र गरिनेछ।

. हरित ऊर्जा र उज्यालो पालिका

- **"क्लिन र ग्रीन ऐरावती":** राष्ट्रिय प्रसारण लाइनको पहुँच बाहिर रहेका विपन्न बस्तीहरूमा शतप्रतिशत अनुदानमा गार्हस्थ्य सौर्य ऊर्जा (Solar Home System) जडान गरिनेछ। पालिकाका मुख्य प्रशासनिक भवन, स्वास्थ्य संस्था र विद्यालयहरूमा सौर्य ऊर्जा ब्याकअप प्रणाली जडान गरिनेछ।
- **स्मार्ट स्ट्रिट लाइट:** मुख्य बजार, चौतारा र संवेदनशील सार्वजनिक मोडहरूमा 'स्मार्ट सोलार स्ट्रिट लाइट' जडान गरी सुरक्षा र सौन्दर्यीकरण बढाइनेछ।

सिँचाइ तथा सहरी विकास

  - **"खेतबारीमा पानी, उत्पादनमा जवानी" कार्यक्रम:** साना तथा मझौला सिँचाइ कुलोहरूको पक्कीकरण (Canal Lining) र सुख्खा डाँडाहरूमा 'सोलार लिफ्ट सिँचाइ' प्रणाली प्रवर्द्धन गरिनेछ। आकाशे पानी सङ्कलन (Rainwater Harvesting) र प्लास्टिक पोखरी निर्माणलाई प्रोत्साहन गरिनेछ।
- स्थानीय स्रोत साधनको उच्चतम प्रयोग गरी पालिका भित्रका सम्पूर्ण सडकहरु संघ र प्रदेश सरकारसँगको समन्वय र साझेदारीमा सबै मौसममा सञ्चालन गर्न सकिने गरी स्तरोन्नति गरिनेछ।

- निर्मित सरकारी तथा सार्वजनिक पूर्वाधारहरूको नियमित मर्मत सम्भार तथा विपद् व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ।
- भू-क्षय तथा बाढी पहिरोको जोखिम रहेको क्षेत्रमा सडक निर्माण र स्तरोन्नति गर्दा लागत अनुमानको ५ प्रतिशत रकम वायो इन्जिनियरिङ कार्यमा खर्च गरिनेछ।
- पालिकाको बैकल्पिक सडक अन्तर्गत चुकाह जुडा ऐरावती सडकको स्त्तरोन्नती र बरौला वसपार्क निर्माण गरी सञ्चालनमा ल्याइनेछ।
- निर्माणधिन ऐरावती खेलकुद मैदानको निर्माण सम्पन्नको लागि प्रदेश सरकार संग आवश्यक समन्वय गरिनेछ।
- पालिका भित्र सुविधा सम्पन्न जेष्ठ नागरिक संरक्षण केन्द्रको स्थापना गरिने छ।
- सडक क्षेत्रले ओगटेको जमिन प्रचलित कानुन अनुसार सडकको प्राथमिकरण गरी लगत कट्टा गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
- संघ र प्रदेशबाट संचालान गरीने योजनाहरुको अभिलेख राखिनेछ।
- भौतिक पूर्वाधार तर्फ कार्यन्वयन हुने सबै योजनाहरुको गुणस्तर परिक्षणका लागि ल्याबको स्थापना गरिनेछ।
- निर्माणाधिन पक्कि पुलहरुको निर्माण कार्य समयमै सम्पन्न गर्न पहल गरिनुका साथै दुर्वाङ र नौघाट पक्कि पुलको निर्माणको लागि संघीय र प्रदेश सरकार संग आवश्यक समन्वय गरिनेछ।
- क्षेत्रगत झोलुङ्गे पुल कार्यक्रमलाई निरन्तरता दिईएको छ।

## ४. सहरी विकास तथा भवन निर्माण

- सामुदायिक तथा सरकारी भवनहरुको निर्माण तथा मर्मतसम्भार भवन नीति निर्देशिका ऐन नियमावली, भवन नियमावली भवन मापदण्ड अनुसार गरिनेछ।
- निजि घर सार्वजनिक भवन तथा संयुक्त आवास निर्माण गर्दा आवास नीति / ऐन / निर्देशिका / संयुक्त आवास ऐन / नियमावली अनिवार्य पालना गरिनेछ।
- बहुप्रकोपीय जोखिम सम्भावित क्षेत्रहरूको पहिचान गरी नक्शांकन गर्नुका साथै जोखिम संवेदनशीलताको आधारमा घर तथा बस्तीलाई उपयुक्त सुरक्षित स्थानमा स्थानान्तरण गरिनेछ।

## (५) उर्जा, जलस्रोत तथा सिँचाई

- विद्युत लाईन नपुगेका स्थानहरुमा सौर्य उर्जा र अन्य वैकल्पिक उर्जाको व्यवस्था मिलाईनेछ।
- नदी तथा जलाधार क्षेत्रको एकीकृत विकास तथा व्यवस्थापन हुने गरी सिँचाई गुरु योजना निर्माण गरिनेछ।

- जलवायु परिवर्तन अनुकुल हुने गरी सिँचाई योजनाहरूको विकास एवं विस्तार गर्नुका साथै कटान जोखिमयुक्त नदि किनारामा तटबन्धन निर्माण गरिनेछ।
- जलस्रोतको दीगोपनाका लागि सबै वडाहरुमा एक वडा एक रिचार्ज पोखरी निर्माण कार्यलाई निरन्तरता दिईनेछ।
- जोखिम न्यूनीकरणका लागि प्राविधिक तथा बातावरणिय अध्ययनका आधारमा नदि नियन्त्रण गर्न चेकडयाम निर्माण गरिनेछ।
- समुन्द्राफाँट सिँचाई, जाडिफाँट सिँचाई, चुनाहाफाँट सिँचाई, मलवाङ तल्लो र उपल्लो फाँट गोठिवाङ, डाबर फाँट, बंसारी फाँट, जुडाँ फाँट र चालीसे फाँट लगाएतका खेतीयोग्य भुमिको सिँचाईका लागि आवश्यक पहल गरिनेछ।

## ६) वन, वातावरण तथा विपद् व्यवस्थापन

- विपद् बाट उत्पन्न हुनसक्ने असहज परिस्थितिको आंकलन गरी जोखिम न्यूनीकरणको लागि गाउँपालिका तथा वडामा Rapid Response Team (RRT) को गठन तथा परिचालन गरिनेछ। विपद् पूर्व सूचना (Early Warning System) को विकासका लागि सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य गरिनेछ।
- मनसुनजन्य विपद्बाट घरवार विहिन भएका पीडित परिवारको लागि राहत, पुनर्स्थापना र पुनर्वासको व्यवस्था गरिनेछ।
- सडक निर्माण तथा प्राकृतिक स्रोतको उत्खनन् कार्य गर्दा प्रारम्भिक वातावरणिय परीक्षण (IEE) गरी वातावरण संरक्षणको लागि उचित उपाय अवलम्बन गरिनेछ।
- गाउँपालिकाले निर्माण गरेको विपद प्रतिकार्य योजना लागु गरिनेछ। विपद व्यवस्थापन कोषलाई कार्ययोजना बनाई पुर्वतयारी, अनुकुलन तथा पुनर्स्थापनाका लागि न्युनतम आधार तयार गरिनेछ।
- खेतियोग्य जग्गा संरक्षणको लागि बाढी पहिरोबाट कटान रोक्न तटबन्धको व्यवस्था मिलाइनेछ।
- आगलागी तथा डढेलो रोकथामको लागि सचेतना अभियान सञ्चालन गरिनेछ।
- जलवायु परिवर्तनबाट सिर्जित समस्यासँग जुध्नको लागि स्थानीय अनुकुलन योजना निर्माण गरी कार्यन्वयन गरिनेछ।

## ७. आन्तरिक आय वृद्धि / कर/ राजश्व परिचालन सम्बन्धि नीति

- गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण करयोग्य व्यक्ति, व्यवसाय उद्योग सेवा घरजग्गा तथा अन्य आयका स्रोतहरूको अद्यावधिक तथ्याङ्ग संकलन गरी एकीकृत डिजिटल अभिलेख प्रणाली विकास गरिनेछ। करको दरभन्दा करको दायरा विस्तारलाई प्राथमिकता दिँदै पहिचान तथा कर प्रशासनको प्रभावकारिता अभिवृद्धि गरिनेछ।

- नदीजन्य निर्माण सामग्री (ढुङ्गा गिट्टी बालुवा ) उत्खनन संकलन, बिक्री तथा निकासी कार्यलाई प्रचलित कानून, वातावरणीय मापदण्ड तथा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) वा वातावरणीय प्रभाव मूल्याकन (EIA) को आधारमा व्यवस्थित गरिनेछ । यस्ता स्रोतबाट प्राप्त हुने राजस्वलाई पारदर्शी प्रतिस्पर्धात्मक र प्रभावकारी ढंगबाट परिचालन गर्दै प्राकृतिक स्रोतको संरक्षण र दिगो उपयोग सुनिश्चित गरिनेछ।
- राजस्व संकलन प्रक्रियामा डिजिटल भुक्तानी, विद्युतीय बिलिङ तथा अनलाइन सेवा प्रणालीको प्रयोग विस्तार गरिनेछ । नदिजन्य पदार्थ तथा अन्य राजस्व स्रोतहरूको बिक्री तथा संकलन प्रक्रियामा निगरानी प्रणाली सुदृढ गरी राजस्व चुहावट नियन्त्रण र वास्तविक राजस्व संकलन सुनिश्चित गरिनेछ।
- गाउँपालिकाको स्वामित्वमा रहेका जग्गा, भवन, बजार व्यावसायिक संरचना, पर्यटन क्षेत्र तथा सार्वजनिक सम्पत्तिको प्रभावकारी उपयोग गरी अतिरिक्त आयका स्रोतहरू विकास गरिनेछ। कृषि, पर्यटन, उद्योग तथा सेवा क्षेत्रको विस्तारसँगै स्थानीय आर्थिक गतिविधि बढाई राजस्वको आधार फराकिलो बनाइनेछ।
- करदाता शिक्षा जनचेतना तथा स्वेच्छिक कर सहभागितालाई प्रोत्साहन गरिनेछ। समयमै कर तिर्ने करदातालाई सम्मान तथा प्रोत्साहन गर्ने व्यवस्था मिलाइनेछ। साथै स्थानीय तहको अधिकार क्षेत्रभित्र रहेका सम्भावित नयाँ राजस्व स्रोतहरूको अध्ययन गरी आन्तरिक आय वृद्धि तथा वित्तीय आत्मनिर्भरता हासिल गर्ने दीर्घकालीन कार्यक्रम सञ्चालन गरिनेछ।
- सामुदायिक वनलाई नियमानुसार करको दयारामा ल्याइनुका साथै एकीकृत कर अभियान सञ्चालन गरिनेछ ।
- घर नक्सा अभिलेखीकरणको लागि आवश्यक अनुसार सूचना प्रकाशन गरिनेछ।

## ८. सुशासन तथा संस्थागत विकास र वित्तीय सबलीकरण

- **डिजिटल सिफारिस र ई-पेमेन्ट:** सम्पूर्ण वडाका सिफारिसहरू अनलाइन प्रणालीबाट गरिनेछ र पालिकालाई बुझाउनुपर्ने कर तथा दस्तुरहरू डिजिटल वालेट (Fonepay, eSewa, Khalti आदि) र बैंकिङ प्रणालीमार्फत बुझाउने व्यवस्था (E-Payment) गरिनेछ।
- **"हेलो अध्यक्ष" हेलो गाउँपालिका गुनासो सुनुवाइ:** नागरिकका गुनासा, सुझाव र सरोकारलाई सिधै दर्ता गरी ७२ घण्टा भित्र समाधान गर्न टोल-फ्री नम्बर र अनलाइन ड्यासबोर्ड सञ्चालन गरिनेछ।
- **नियमित सार्वजनिक सुनुवाइ र सामाजिक परीक्षण:** पालिकाका ठूला योजनाहरूको अनिवार्य रूपमा 'सामाजिक परीक्षण' (Social Audit) र प्रत्येक चौमासिकमा आम नागरिकको उपस्थितिमा 'सार्वजनिक सुनुवाइ' सञ्चालन गरिनेछ।
- **"करदाता सम्मान, राजस्व परिचालन":** करको दर होइन, दायरा बढाउन व्यवसाय दर्ता अभियान र 'डिजिटल करदाता प्रोफाइल' तयार गरिनेछ। समयमै कर बुझाउने उद्यमीहरूलाई विशेष सहुलियत र सम्मान दिइनेछ।

- **शून्य बेरुजु नीति र वित्तीय पारदर्शिता:** खरिद प्रक्रियालाई शतप्रतिशत ई-बिडिङ (E-Bidding) मार्फत पारदर्शी बनाइनेछ। आन्तरिक लेखापरीक्षण र खरिद प्रणालीलाई कडा बनाउँदै "शून्य बेरुजु" कायम गर्ने शाखाहरूलाई पुरस्कृत गरिनेछ।
- **तहगत र प्रविधिमा आधारित अनुगमन:** गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा रहने अनुगमन समितिलाई 'जीपीएस ट्र्याकिङ' (GPS-based Monitoring) र डिजिटल फोटो/भिडियो सहितको अनलाइन अनुगमन प्रणालीसँग जोडिनेछ। अनुगमनको प्रतिवेदन विना आगामी किस्ता भुक्तानी नहुने व्यवस्था गरिनेछ।
- **कार्यसम्पादन सूचक (KPIs) को कार्यान्वयन:** प्रत्येक महाशाखा, शाखा र वडा सचिवहरूको कार्यसम्पादन मूल्याङ्कनका लागि स्पष्ट 'मुख्य कार्यसम्पादन सूचक' (Key Performance Indicators) तय गरिनेछ। उत्कृष्ट कार्य गर्ने कर्मचारी र उपभोक्ता समितिलाई पुरस्कृत र ढिलासुस्ती गर्नेलाई दण्डित गरिनेछ।
- गाउँपालिकाको प्रशासनिक तथा प्राविधिक क्षमतालाई सुदृढ बनाउन कर्मचारीहरूको नियमित तालिम, क्षमता विकास, नेतृत्व विकास तथा कार्यसम्पादनमा आधारित मूल्याङ्कन प्रणाली लागू गरिनेछ। कर्मचारी तथा जनप्रतिनिधिबीच समन्वय र सहकार्यलाई थप प्रभावकारी बनाइनेछ।
- गाउँपालिकाको खरिद प्रक्रियालाई पारदर्शी एवम् व्यवस्थित गर्न खरिद योजना तयार गरी सोही बमोजिम मात्र खरिद कारवाही गरिनेछ।
- सेवाग्राही वहिर्गमन अभिमत सङ्कलन, सेवाग्राही पृष्ठपोषण सङ्कलन वा सेवाग्राही सन्तुष्टि सर्भेक्षण गरी प्रतिवेदन सार्वजानिक गरिनेछ । सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को प्रभावकारी कार्यान्वयन गरिनेछ ।।
- स्थानीय सरकार, निजी क्षेत्र सहकारी क्षेत्र, नागरिक समाज तथा समुदायबीच सहकार्य र साझेदारीलाई सुदृढ गर्दै विकास प्रक्रियामा नागरिक सहभागिता सुनिश्चित गरिनेछ।
- योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्गनमा सरोकारवालाको अर्थपूर्ण सहभागिता अभिवृद्धि गरिनेछ।
- कार्यसम्पादनमा आधारित मूल्याइन प्रणाली अवलम्बन गरी सुशासन, सेवा प्रवाह तथा विकासका सूचकहरूमा मापनयोग्य उपलब्धि हासिल गर्ने व्यवस्था गरिनेछ।
- आन्तरिक आम्दानी वृद्धि गर्न गाउँपालिकाको करको दायरा फराकिलो बनाउन व्यवसाय कर, विज्ञापन कर, घरवहाल कर लगायतका कर संकलनको प्रभावकारी व्यवस्था मिलाउनुका साथै भूमी कर र सम्पत्ति करमा प्रगतिशिल कर प्रणाली अवलम्बन गरिनेछ।
- संगठन संरचना, दरबन्दी सिर्जना गर्न Organization And Management Survey प्रतिवेदनको आधारमा सङ्गठन संरचना तथा दरबन्दी कायम गरी सोही बमोजिम जनशक्ति व्यवस्थापनको कार्यलाई निरन्तरता दिइनेछ।

- टोल सुधार संस्थाहरुलाई सक्रिय बनाउनुका साथै क्षमता विकास गरी स्थानीय विकास निर्माणका कार्यहरु र सचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- स्थानीय साशन कार्यसम्पादन मूल्याकन प्रणाली (LGPAS) का सूचकहरुलाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- गाउँपालिका प्रमुखसँग जनप्रतिनिधि र प्रमुख प्रशासकीय अधिकृतसँग कर्मचारी बिचको कार्यसम्पादन सम्झौता गरिनेछ ।

## ८. भूमि व्यवस्थापन

- सार्वजनिक र सरकारी जग्गा तथा सो जग्गामा निर्मित संरचनाहरुमा बहाल विटौरी कर लगाइनेछ। बाँझो रहेका जमिनहरुलाई खेती गर्नको लागि आवश्यक निती बनाईनेछ ।
- ऐरावती गाउँपालिकाको सार्वजानिक सम्पतिको अभिलेख सार्वजनिक गर्ने र त्यसको उचित उपयोग संरक्षण तथा संबर्द्धन गर्ने नीति कार्यन्वयन गरिनेछ ।
- पालिका क्षेत्र भित्रका सार्वजनिक, ऐलानी जग्गाहरुको पहिचान गर्ने कार्यको शुरुवात गरिनेछ ।
- भुमि प्रशासन सेवा गाउँपालिका बाट नै संचालनका लागि आवश्यक प्रबन्ध मिलाइनेछ ।
- सार्वजानिक जग्गा संरक्षण अभियानलाई सशक्त बनाई संरक्षित जग्गा उपयोग गर्ने नीति लिइनेछ ।

## ९. सूचना प्रविधि तथा सञ्चार

- आम नागरिकलाई डिजिटल साक्षरता अन्तर्गत स्थानीय नागरिक, कर्मचारी, जनप्रतिनिधि, स्वास्थ्य संस्था, विद्यालय लगायत सेवाप्रवाहसँग सम्बन्धित पक्षहरूलाई लक्षित गरी Digital Literacy (डिजिटल साक्षरता),Digital Awareness(डिजिटल सचेतना),Cyber Security तथा कृतिम बौद्दिकता सम्बन्धी अभिमुखिकरण कार्यक्रमहरु सञ्चालन गरिनेछ।

- नेपाल सरकारले चालेका नितिको अवलम्बन गर्दै पालिका तथा वडा कार्यालयबाट दिइने सेवालाई एकीकृत गरी सेवा प्रवाह गरिनेछ, जसका लागि आवश्यक भौतिक पूर्वाधार, सफ्टवेयर तथा सूचना प्रविधिसम्बन्धी सामग्री खरिद गरिनेछ।

- पालिकामा डिजिटल डाटा सुरक्षा तथा साइबर सुरक्षा सुनिश्चित गर्न नीतिगत व्यवस्था बनाई कार्यान्वयन गरिनेछ। यस अन्तर्गत डाटा ब्याकअप प्रणाली, फायरवाल तथा साइबर सुरक्षा परीक्षण गरिनेछ।

- पालिकामा गरिने आन्तरिक सूचना प्रबाहलाई कृतिम बौद्दिकतामा आधारीत प्रणालीको प्रयोग गरिनेछ।

- पालिकास्तरमा हुने सार्वजनिक सुनुवाई, बजेट सुनुवाई र सामाजिक परीक्षण जस्ता कार्यक्रमहरू डिजिटल माध्यमबाट प्रशारण गरिनेछ जसले जनसहभागिता र पारदर्शिता बढाउनेछ।यस कार्यको लागि आवश्यक सामाग्रीहरुको तत्काल व्यवस्था गरिनेछ।

- जनतासंग प्रत्यक्ष सम्बन्ध राख्ने बिभिन्न शाखाहरुमा आईपर्ने समस्या तथा गुनासोलाई तत्काल सम्बोधन गर्नको लागि आवश्यकताको आधारमा टोल फ्रि (Toll-Free) नम्बरको जडान गरिनेछ।

## १०. न्यायिक क्षेत्र

- न्यायिक समितिको काम कारवाहीलाई मेलमिलापको सिद्धान्तको आधारमा विवाद समाधान गर्न न्यायिक प्रक्रियालाई छिटो छरितो र प्रभावकारी बनाईनेछ। गाउँपालिकाका सबै वडामा रहेका मेलमिलाप केन्द्रलाई थप व्यवस्थित बनाई मेलमिलापकर्ता मार्फत न्यायिक सेवाको पहुँच विस्तार गरिनेछ।
- विवाद समाधानमा समयसीमा निर्धारण गरी प्रभावकारी कार्यान्वयन गरिनेछ। महिला बालबालिका, दलित, आदिवासी जनजाति, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको न्यायमा पहुँचलाई प्राथमिकता दिइनेछ।
- लैङ्गिक हिंसा, घरेलु हिंसा तथा बाल अधिकार सम्बन्धी विवादहरूलाई संवेदनशीलतापूर्वक सम्बोधन गरिनेछ।
- समुदायस्तरमा मेलमिलाप संस्कृतिको विकासका लागि जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ। न्यायिक समितिका पदाधिकारी, कर्मचारी तथा मेलमिलापकर्ताहरूको क्षमता अभिवृद्धिका लागि नियमित तालिम सञ्चालन गरिनेछ।
- विवाद दर्ता अभिलेखीकरण तथा प्रतिवेदन प्रणालीलाई डिजिटल माध्यममा क्रमशः रूपान्तरण गरिनेछ। न्यायिक समितिका अभिलेखहरूको व्यवस्थित व्यवस्थापन गरिनेछ। तथ्याङकमा आधारित योजना तथा निर्णय प्रणालीको विकास गरिनेछ।
- विवाद समाधान, मानव अधिकार प्रर्वद्धन र न्याय सम्पादनलाई स्वतन्त्र, निष्पक्ष र विवाश्सनीय बनाउन विद्यालय समुदाय तथा नागरिक समाजसँग समन्वय गरी कानुनी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। बालविवाह, बाल यौन दुर्व्यवहार घरेलु हिंसा, लागुऔषध दुर्व्यसनी, साइबर अपराध तथा लैङ्गिक हिंसा विरुद्ध सचेतना अभिवृद्धि गरिनेछ।
- निगरानी, अनुगमन तथा मूल्याङ्गन प्रणालीको विकास गरिनेछ (मेलमिलाप केन्द्रको निगरानी विवाद निरुपणको कार्यान्वयन, त्रैमासिक समिक्षा, नागरिक सन्तुष्टी सर्वेक्षण, सेवा गुणस्तर सुधारको लागि पृष्ठपोषण संकलन गरिनेछ।

- मेलमिलापकर्ताहरुलाई प्रोत्साहन गर्नका लागि उत्कृष्ट कार्यसम्पादन गर्ने मेलमिलापकर्ता तथा सरोकारवालाहरूलाई प्रोत्साहन गरिनेछ।
- न्यायिक समितिले गरेको मिलापत्र र निर्णयहरु पूर्ण रुपमा कार्यान्वयन गराउन प्रतिबन्धात्मक प्रोत्साहनमुलक र संस्थागत तथा समन्वयकारी नीति लिइनेछ।
- जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी, सरकारी वकिल कार्यालय तथा अन्य सरोकारवाला निकायसँगको समन्वय र सहकार्यलाई सुदृढ गरिनेछ। नागरिक समाज सामुदायिक संस्थाहरू तथा गैरसरकारी संस्थाहरूसँग सहकार्य गरी न्यायिक सेवाको प्रभावकारिता बढाइनेछ।

**सम्पूर्ण गाउँ सभाका सदस्यज्यूहरु,**

**विगत वर्षको कार्यकाललाई समीक्षा गर्दा सीमित स्रोत, आर्थिक सङ्कुचन, संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदानमा निरन्तर कटौती बढ्दो महंगी, बेरोजगारी तथा विकास निर्माणमा देखा परेका विविध चुनौतीहरूको बाबजुद पनि हामी जनतासमक्ष व्यक्त गरेका प्रतिबद्धताबाट विचलित भएका छैनौं। हामीले विकासलाई भौतिक संरचना निर्माणमा सीमित नराखी कृषि, शिक्षा, स्वास्थ्य खानेपानी, सड़क, सामाजिक सुरक्षा, महिला तथा युवा सशक्तिकरण, उत्पादन र रोजगारीसँग जोडेर अगाडि बढाउने प्रयास गरेका छौं।**

**यस अवधिमा कृषिमा आधारित आत्मनिर्भर अर्थतन्त्र निर्माण, स्थानीय उत्पादनको प्रबर्द्धन, पूर्वाधार विकास, सामाजिक समावेशिता तथा जनसहभागितामूलक शासन प्रणालीलाई सुदृढ बनाउन महत्वपूर्ण प्रयासहरू भएका छन्। शिक्षा र स्वास्थ्य क्षेत्रलाई क्रमशः गुणस्तरीय बनाउने, ग्रामीण बस्तीहरूलाई सडक सञ्जालसँग जोड्ने, विपन्न तथा सीमान्तकृत समुदायको पहुँच अभिवृद्धि गर्ने तथा स्थानीय स्तरमै रोजगारी सिर्जना गर्ने दिशामा उल्लेखनीय कार्यहरू सम्पन्न भएका छन्। यद्यपि हामी आत्मसन्तुष्ट हुने अवस्थामा छैनौं। जनताको आकांक्षा अझ ठूलो छ आवश्यकता अझ व्यापक छन् र परिवर्तनको चाहना अझ गहिरो छ। अझै पनि बेरोजगारी युवाको वैदेशिक पलायन, उत्पादन क्षेत्रमा आएको सङ्कुचन, सामाजिक असमानता तथा सिमित आर्थिक स्रोतजस्ता चुनौतिहरू विद्यमान छन्। यस्ता चुनौतिका बीच पनि हामी निराशाको राजनीति होइन, आशा, श्रम, उत्पादन र परिवर्तनको राजनीति अगाडि बनाउने दृढ संकल्पका साथ उभिएका छौं।**

**हामी विकास गर्दछौं, समाजवादको आधार नाराले निर्माण हुँदैन, त्यसका लागि उत्पादनमुखी अर्थतन्त्र, सामाजिक न्याय, श्रमको सम्मान, सुशासन र जनसहभागितामा आधारित विकास प्रणाली आवश्यक पर्दछ। त्यसैले अबको हाम्रो अभियान आत्मनिर्भर कृषि, स्थानीय उद्यम, सहकारी प्रवर्द्धन, पारदर्शी प्रसाशन, सामाजिक न्याय र जनमुखी विकासलाई केन्द्रमा राखेर अघि बढ्नेछ।**

**स्थानीय सरकार संस्थागत भए संगै जनताको ठुलो आशा र अपेक्षा स्थानीय सरकार प्रति रहेको समयमा हामीलाई प्राप्त महत्वपूर्ण जिम्मेवारी ऐरावतीका जनताको आर्थिक, सामाजिक र सांस्कृतिक विकासको आकाक्षा पुरा गरी समृद्ध पालिका बनाउन संस्थागत सामर्थ्यले भ्याए सम्म स्थानीय सरकार अनवरत रुपमा प्रतिबद्ध रहेको समेत जानकारी गराउदछु ।**

**विगत वर्षहरुका नीति तथा कार्यक्रम प्रभावकारी कार्यान्वयनमा यहाँहरुको साथ समर्थन सहयोगको उच्च प्रसंशा गर्दै आगामी दिनहरुमा पनि अझै बढी सार्थक र समालोचनात्मक सहयात्राका लागी म विश्वस्त छु ।**

**अन्त्यमा परिवर्तित राज्य संरचनाको नौलो अभ्यासमा गहन जिम्मेवारी बोध गर्दै यस गरिमामय सभामा प्रस्तुत गरिएबमोजिमका अपेक्षित उपलब्धि हासिल गर्न सम्पुर्ण ऐरावतीको विकासमा योगदान पुयाउने गाउँसभा सदस्यज्यूहरु, स्थानीय राजनीतिक दलहरु, निजी क्षेत्र, सहकारी क्षेत्रहरु प्रति आभार प्रकट गर्दछु। आ-आफ्नो क्षेत्रबाट महत्वपूर्ण भूमिका निर्वाह गर्नु हुने राष्ट्र सेवक कर्मचारी, नागरिक समाज, बुद्धिजिवी, पत्रकार / संचारकर्मी तथा आम पालिकावासीलाई कृतज्ञता सहित हार्दिक धन्यावाद ज्ञापन गर्दै आम ऐरावतीवासीको अमुल्य सहयोग तथा सहभागिताले मात्र संभव हुने कुरा अवगत नै छ । तसर्थ यस गाउँपालिका भित्र संचालन हुने हरेक क्रियाकलापहरुमा यहाँहरु सबैको सार्थक सहभागिता तथा कार्यान्वयनमा तत्परताले नै शान्त, सुन्दर र समुन्नत ऐरावती बनाउने अपेक्षा सहित यहाँहरु प्रति हार्दिक आभार प्रकट गर्दै विदा हुन्छु ।**

**धन्यवाद ।**

नविल विक्रम शाह

अध्यक्ष

ऐरावती गाउँपालिका, बरौंला, प्युठान ।

मितिः२०८३/०३/०९